लोक सेवा आयोग

## नेपाल राष्ट्र बैंक, प्रशासन, अधिकृत तृतीय, सहायक निर्देशक पदको आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा

२०८२।१२।११

पत्र : प्रथम
समय : ३ घण्टा

पूर्णाङ्क : १००

### विषय : अर्थशास्त्र, वित्तीय तथा मौद्रिक व्यवस्था

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

### खण्ड "क"

५० अङ्क

१ राष्ट्रिय आय भनेको के हो? राष्ट्रिय आयको मापन कसरी गरिन्छ? व्याख्या गर्नुहोस् । २+३=५
(What is national income? How is national income calculated? Explain

२. नेपालमा वैदेशिक सहायताको अवस्था र उपयोग संक्षेपमा चर्चा गर्नुहोस् । २+३=५
(Explain in brief the status and utilization of foreign aid in Nepal.)

३. नेपालमा सरकारी वित्तको विद्यमान अवस्था कस्तो छ? राजस्व र खर्चबिच तालमेल हुन नसक्नुका प्रमुख कारणहरू के के हुन्? चर्चा गर्नुहोस् । २+३=५
(What is the current status of the government finance in Nepal? What are the main reasons for the gap between government's revenue and expenditure? Discuss.)

४. भुक्तान सन्तुलन भनेको के हो? नेपालको पछिल्लो ५ आर्थिक वर्षको भुक्तान सन्तुलनको अवस्था समीक्षा गर्नुहोस् । १+४=५
(What is balance of payments? Review the balance of payments situation of Nepal in the last five fiscal years.)

५. नेपालको कृषि क्षेत्रको बृद्धिदरको अहिलेको प्रवृत्तिको जानकारी दिनुहोस् । दिगो कृषि विकासको प्रवर्धन गर्न नेपाल सरकारले गरेका प्रयासहरू र ती प्रयासहरूको प्रभावकारिताको आलोचनात्मक मूल्यांकन गर्नुहोस् । ४+६=१०
(Give an account of recent trend in agriculture growth rate of Nepal. Critically evaluate the initiatives of the Government of Nepal and their effectiveness for promoting sustainable agriculture development.)

६. नेपालको वैदेशिक व्यापारका चुनौतीहरू के के हुन्? निर्यात बढाउन नगद अनुदान दिंदा पनि निर्यात बढ्न सकेन । यस्तो अवस्थामा नेपालको निर्यात बढाउने प्रभावकारी उपायहरू सुझाउनुहोस् ।४+६=१०
(What are the challenges of Nepal's foreign trade? The cash incentive scheme could not also contribute to increase the export. In such a situation, suggest effective ways to increase the export of Nepal.)

७. विनिमय दरमा हुने उतारचढावले नेपालको अर्थतन्त्रमा के-कस्ता प्रभावहरू परेको छ? नेपालमा विनिमय दरको प्रभावकारी व्यवस्थापन गर्न नेपाल राष्ट्र बैंकले कस्ता उपायहरू अवलम्बन गर्दछ? चर्चा गर्नुहोस् । ४+६=१०
(What are the impacts of exchange rate volatility in Nepali economy? What measures does Nepal Rastra Bank employ to effectively manage exchange rate in Nepal? Discuss.)

### खण्ड "ख"

५० अङ्क

८. अर्थतन्त्रमा बैंकिङ प्रणालीको महत्त्वपूर्ण स्थान हुन्छ । बैंकिङ प्रणालीले कसरी कर्जा सिर्जना गर्न सक्छ? बताउनुहोस् । ५
(Banking system holds very important place in the economy. How can the banking system do the credit creation? Explain.)

क्रमशः

## खण्ड "ख"

५० अङ्क

८. उत्तराधिकारी योजना भनेको के हो? उत्तराधिकारी योजना बनाउँदा ध्यान दिनुपर्ने विषयहरू उल्लेख गर्नुहोस् । २+३=५
(What is succession planning? Mention the considerations in formulating succession plan in an organization.)

९. बजारमा अधिक तरलताको कारणले आउन सक्ने सम्भावित परिणामहरू के के हुन सक्छन्? यस्तो अवस्थामा नेपाल राष्ट्र बैंकले अपनाउनुपर्ने उपायहरू वर्णन गर्नुहोस् । १+४=५
(What are the possible consequences of excess liquidity in the market? Describe the measures Nepal Rastra Bank should initiate to address the situation.)

१०. द्वन्द्व व्यवस्थापन भनेको के हो? संगठनमा द्वन्द्वको अवस्थालाई व्यवस्थापन गर्ने तरिकाहरू के के हुन्? बयान गर्नुहोस् । २+३=५
(What is conflict management? What are the techniques to manage situation of conflict in an organization? Explain.)

११. कार्य विवरण, कार्य विस्तृतीकरण र कार्य विशिष्टीकरण बिचको भिन्नता स्पष्ट गर्दै यी तीन तत्त्वले मानव स्रोत र संस्थागत लक्ष्यबिच कसरी सामञ्जस्य कायम गर्छन्? विश्लेषण गर्नुहोस् । ५+५=१०
(Distinguish between job description, job enlargement and job specification. How do they help in achieving alignment between human resources and organization goals? Analyze.)

१२ जोखिम व्यवस्थापनको अवधारणा व्याख्या गर्दै यसको योजना निर्माण गर्दा के के विषयमा ध्यान दिनुपर्ला? उदाहरणसहित वर्णन गर्नुहोस् । ४+६=१०
(Explaining the concept of risk management, outline the key considerations with illustration that need to be taken into account while developing a plan for it.)

१३. जनशक्ति व्यवस्थापन एउटा जटिल विषय बन्दै गएको छ । सही व्यक्तिको छनौट गरी सही तवरले उपयोग गर्न र सोही बमोजिम संगठनको लक्ष्य प्राप्त गर्न पछिल्लो समय सबैजसो संगठनहरू असफल बन्दै गएका छन् । एकातर्फ अत्याधुनिक प्रविधिको विकासले जनशक्तिको क्षमता उच्चतहको माग गर्दछ भने अर्कोतर्फ नेपाल जस्तो अल्पविकसित देशमा राजनीतिले जनशक्ति व्यवस्थापनलाई नराम्ररी प्रभावित गरेको छ । सार्वजनिक निकायहरूमा यस्तै समस्या देखिइरहेको वर्तमान परिप्रेक्ष्यमा, तत् व्यवस्थापनले सुधारका लागि के-कस्ता कदम अगाडि बढाउनुपर्ला? यसमा के-कस्ता चुनौतीहरू देखिएका छन्? ती चुनौती सामनाका उपायहरू के के हुन सक्छन्? तर्कपूर्ण उत्तर दिनुहोस् । ५+५+५=१५
(Human Resource Management is becoming a complex issue. Almost all organization are failing to select the right individuals and utilize them effectively to achieve organizational goals. On one hand, the development of advanced technologies demands a higher level of skills from the workforce, while on the other hand, in an underdeveloped country like Nepal, politics is rampantly influencing human resource management. In light of the fact that similar issues are being observed in public sector organization of Nepal, how should the respective management proceed with reforms? What challenges are being faced? What could be the potential solutions to overcome the challenges? Give your logical answer.)

लोक सेवा आयोग
# नेपाल राष्ट्र बैंक, प्रशासन, अधिकृत तृतीय, सहायक निर्देशक पदको आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा

२०८२।१२।१२

पत्र : द्वितीय
समय : ३ घण्टा

पूर्णाङ्क : १००

## विषय : व्यवस्थापन, मानव संसाधन व्यवस्थापन तथा संगठनात्मक व्यवहार

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

### खण्ड "क"

५० अङ्क

१. आन्तरिक तथा बाह्य वित्तीय चुनौतीहरूलाई मध्यनजर गर्दै नेपाल राष्ट्र बैंकको रणनीतिक योजना निर्माण गर्नका लागि आवश्यक पर्ने SWOT (Strengths, Weaknesses, Opportunities and Threats) विश्लेषण गर्नुहोस् । ५

(Considering the internal and external financial challenges, conduct a SWOT (Strengths, Weaknesses, Opportunities and Threats) analysis necessary for preparing the strategic plan of Nepal Rastra Bank.)

२. बैंकमा क्रेडिट मूल्यांकन र निष्क्रिय सम्पत्ति व्यवस्थापन सुधार गर्न ज्ञान व्यवस्थापन प्रणाली कसरी प्रयोग गर्न सकिन्छ? उपयुक्त उदाहरणसहित स्पष्ट गर्नुहोस् । ५

(How can knowledge management system be used to improve credit appraisal and non-performing assets management in banks? Explain with suitable example.)

३. कर्मचारीलाई उत्प्रेरित अवस्थामा राख्न नेतृत्वले किन र कसरी महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ? उल्लेख गर्नुहोस् । ५

(How and why can leadership play an important role in motivating employees? Mention.)

४. निर्णय प्रक्रियाका विभिन्न चरणहरू सूचीबद्ध गर्नुहोस् । समस्या पहिचानलाई किन निर्णय प्रक्रियाको महत्त्वपूर्ण चरण मानिन्छ? उचित तर्क दिनुहोस् । २+३=५

(Enlist the various steps of decision making process. Why is problem identification considered the most critical step in decision making? Justify your answer.)

५. नेपाल राष्ट्र बैंकको जोखिम व्यवस्थापन ढाँचाको समालोचनात्मक मूल्यांकन गर्नुहोस् । साथै, यस ढाँचाले नेपाल राष्ट्र बैंकले सामना गर्ने प्रमुख जोखिमहरूको पहिचान, मूल्यांकन तथा न्यूनीकरण गर्न कत्तिको प्रभावकारी भूमिका खेलेको छ र नेपालको मौद्रिक तथा वित्तीय स्थायित्व कायम गर्न कुन हदसम्म योगदान पुऱ्याएको छ? चर्चा गर्नुहोस् । ४+६=१०

(Critically evaluate the risk management framework of Nepal Rastra Bank (NRB). How effective is the framework in identifying, assessing and mitigating key risks faced by NRB, and to what extent does it contribute in maintaining monetary and financial stability in Nepal? Discuss.)

६. सार्वजनिक संस्थान सरकारको लागि वित्तीय तथा प्रशासनिक भार भएको छ ।" यो भनाईसँग तपाईं सहमत हुनुहुन्छ? कारणसहित उत्तर दिनुहोस् । १०

("Public Enterprises have become financial and administrative burden to the government." Do you agree with this statement? Give reasons to your answer.)

७. नेपालका बैंक तथा वित्तीय संस्थाहरूको सञ्चालन र कार्यप्रभावकारिताका सम्बन्धमा देखिएका प्रमुख समस्याहरू उल्लेख गर्नुहोस् । ती समस्याहरूको समाधानमा नेपाल राष्ट्र बैंकको भूमिकाको समालोचनात्मक टिप्पणी गर्नुहोस् । ५+५=१०

(State the key problems with regards to operation and effectiveness of the banks and financial institutions in Nepal. Comment critically on the role played by Nepal Rastra Bank in addressing those problems.)

क्रमशः

## खण्ड "ख"

५० अङ्क

८. उत्तराधिकारी योजना भनेको के हो? उत्तराधिकारी योजना बनाउँदा ध्यान दिनुपर्ने विषयहरू उल्लेख गर्नुहोस् । २+३=५
(What is succession planning? Mention the considerations in formulating succession plan in an organization.)

९. बजारमा अधिक तरलताको कारणले आउन सक्ने सम्भावित परिणामहरू के के हुन सक्छन्? यस्तो अवस्थामा नेपाल राष्ट्र बैंकले अपनाउनुपर्ने उपायहरू वर्णन गर्नुहोस् । १+४=५
(What are the possible consequences of excess liquidity in the market? Describe the measures Nepal Rastra Bank should initiate to address the situation.)

१०. द्वन्द्व व्यवस्थापन भनेको के हो? संगठनमा द्वन्द्वको अवस्थालाई व्यवस्थापन गर्ने तरिकाहरू के के हुन्? बयान गर्नुहोस् । २+३=५
(What is conflict management? What are the techniques to manage situation of conflict in an organization? Explain.)

११. कार्य विवरण, कार्य विस्तृतीकरण र कार्य विशिष्टीकरण बिचको भिन्नता स्पष्ट गर्दै यी तीन तत्वले मानव स्रोत र संस्थागत लक्ष्यबिच कसरी सामञ्जस्य कायम गर्छन्? विश्लेषण गर्नुहोस् । ५+५=१०
(Distinguish between job description, job enlargement and job specification. How do they help in achieving alignment between human resources and organization goals? Analyze.)

१२. जोखिम व्यवस्थापनको अवधारणा व्याख्या गर्दै यसको योजना निर्माण गर्दा के के विषयमा ध्यान दिनुपर्ला? उदाहरणसहित वर्णन गर्नुहोस् । ४+६=१०
(Explaining the concept of risk management, outline the key considerations with illustration that need to be taken into account while developing a plan for it.)

१३. जनशक्ति व्यवस्थापन एउटा जटिल विषय बन्दै गएको छ । सही व्यक्तिको छनौट गरी सही तवरले उपयोग गर्न र सोही बमोजिम संगठनको लक्ष्य प्राप्त गर्न पछिल्लो समय सबैजसो संगठनहरू असफल बन्दै गएका छन् । एकातर्फ अत्याधुनिक प्रविधिको विकासले जनशक्तिको क्षमता उच्चतहको माग गर्दछ भने अर्कोतर्फ नेपाल जस्तो अल्पविकसित देशमा राजनीतिले जनशक्ति व्यवस्थापनलाई नराम्ररी प्रभावित गरेको छ । सार्वजनिक निकायहरूमा यस्तै समस्या देखिइरहेको वर्तमान परिप्रेक्ष्यमा, तत् व्यवस्थापनले सुधारका लागि के-कस्ता कदम अगाडि बढाउनुपर्ला? यसमा के-कस्ता चुनौतीहरू देखिएका छन्? ती चुनौती सामनाका उपायहरू के के हुन सक्छन्? तर्कपूर्ण उत्तर दिनुहोस् । ५+५+५=१५
(Human Resource Management is becoming a complex issue. Almost all organization are failing to select the right individuals and utilize them effectively to achieve organizational goals. On one hand, the development of advanced technologies demands a higher level of skills from the workforce, while on the other hand, in an underdeveloped country like Nepal, politics is rampantly influencing human resource management. In light of the fact that similar issues are being observed in public sector organization of Nepal, how should the respective management proceed with reforms? What challenges are being faced? What could be the potential solutions to overcome the challenges? Give your logical answer.)

:: समाप्त ::